# श्री कन्काई नहर जल उपभोक्ता संस्था
## निर्वाचन समिति
को कार्यालय शिवसताक्षी–५, जनता

मिति :- २०७८।१०।०९

**निर्वाचन तालिका प्रकाशन गरिएको सूचना**

श्री कन्काई नहर जल उपभोक्ता संस्थाको सातौ निर्वाचन संस्थाको विधान, २०५० (संसोधन तथा परिमार्जन २०७२) वमोजिम तपशिलका मिति तथा क्षेत्र अन्तर्गतका शाखाहरूका प्रशाखा/उपशाखाहरूमा विभिन्न चरणमा निर्वाचन सम्पन्न गर्ने निर्णय भए अनुसार सम्पूर्ण यस संस्थामा आबद्ध सदस्यज्यूहरू र सरोकारवालाहरूमा जानकारिका लागि यो सूचना प्रकाशन गरिएको व्यहोरा अवगत गराउन चाहान्छु ।

तपशिलः

| क्र.सं. | चरण | क्षेत्र नं. अन्तर्गतका शाखाहरूका प्रशाखा/उपशाखाहरूमा | निर्वाचन मिति |
|---|---|---|---|
| १. | प्रथम चरण | क्षेत्र नं. १ (शाखा नं. ०, १, २ र ३) | २०७९।१०।२१ |
| २. | दोश्रो चरण | क्षेत्र नं. ५ (शाखा नं. १७, १८, १९, २० र २१) | २०७९।१०।२३ |
| ३. | तेस्रो चरण | क्षेत्र नं. २ (शाखा नं. ४, ५, ६, ७ र ८) | २०७९।१०।२६ |
| ४. | चौथो चरण | क्षेत्र नं. ३ (शाखा नं. ९, १०, ११ र १२) | २०७९।१०।२९ |
| ५. | पाँचौ चरण | क्षेत्र नं. ४ (शाखा नं. १३, १४, १५ र १६) | २०७९।११।०२ |

**निर्वाचन कार्यक्रमहरूः**

१. मतदाता नामावली प्रकाशन (शाखा/शाखामा) :- मिति २०७९ माघ ९ गते बिहान ११ बजे

२. मतदाता नामावली उपर दावि विरोध र सच्याउने :- मिति २०७९ माघ ११ गते दिँउसो ४ बजे सम्म

कमलप्रसाद भण्डारी
संयोजक

३. सच्याएको मतदाता नामावली मात्र प्रकाशन :- मिति २०७९ माघ १३ गते दिउँसो ३ बजे सम्म
४. उम्मेद्वारको मनोनयन पत्र दर्ता :- बिहान ८ बजे देखी बिहान १०:०० बजे सम्म
५. उम्मेद्वारको प्रथम नामावली प्रकाशन :- बिहान १०:०० बजे देखी १०:३० बजे सम्म
६. उम्मेद्वारको नामावलीमा दावी विरोध :- बिहान १०:३० बजे देखी बिहान ११:०० बजे सम्म
७. उम्मेद्वारको नाम फिर्ता :- बिहान ११:०० बजे देखी बिहान ११:३०बजे सम्म
८. उम्मेद्वारको अन्तिम नामावली प्रकाशन :- बिहान ११:३० बजे देखी बिहान १२:००बजे सम्म
९. मतदान कार्यक्रम :-

क) १ बजे देखी दिनको ३ बजे सम्म सम्वन्धित मतदान केन्द्र ..................................................मा हुनेछ ।

ख) मतगणना :- मतदान समाप्त भए पश्चात मतगणनाको समय तोकिने छ । मतगणना समाप्त भए पछि निर्वाचनको परिणाम घोषणा गरिनेछ ।

द्रष्टव्य :-

१. निर्वाचन समितिको कार्यालय कन्काई नहर जल उपभोक्ता संस्थाको कार्यालयमा रहेनछ ।
२. मतदान गर्न आउने मतदाताहरूको विषयमा विवाद उत्पन्न भएमा आफ्नो परिचय खुलेको नागरिकता, लाइसेन्स, पासपोर्ट, संस्थाको फोटो सहितको प्रमाणित परिचय पत्र, जग्गा धनि प्रमाण पूर्जा, कर्मचारी परिचय पत्र वा त्यस्तै अन्य परिचय पत्रमा फोटो भएको मध्ये कुनै एक लिई आउनु पर्नेछ ।
३. उम्मेद्वार हुन चाहने महानुभावहरूले उम्मेद्वारी फाराम कन्काई नहर निर्वाचन निर्देशिका वमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ । साधारणसभा सदस्य, शाखा सभा सदस्य, शाखा समिति, प्रशाखा/उपशाखा समिति
४. संस्थाको विधान २०५० (संशोधित सहित) को दफा ४८ मा व्यवस्था भए वमोजिम यस संस्थाको कुनै किसिमको वक्यौता तथा वेरूजु रहेको व्यक्तिहरूले प्रशाखा/उपशाखामा हुने निर्वाचनको १ दिन अगावै संस्थाको कार्यालयमा उक्त वक्यौता, बेरूजु रकम बुझाई उम्मेद्वार बन्न पाउने छन् । तर उक्त वक्यौता र वेरूजु नतिरे/नबुझाएमा उक्त निर्वाचनमा उम्मेद्वार वन्नका लागि रोक लाग्ने छ ।
५. उम्मेद्वार मनोनयन पत्र दर्ताका लागि साधारणसभा सदस्यका लागि रू ५००।-, शाखा सभा प्रतिनिधीका लागि रू ३००।-, प्रशाखा/उपशाखा पदाधिकारीका लागि रू ५०।- तथा प्रशाखा/उपशाखा सदस्यहरूका लागि रू २०।- उम्मेद्वारी मनोनय पत्र दर्ता सँगै उक्त दस्तुरहरू पेश गर्नु पर्नेछ ।
६. निर्वाचन कार्य कन्काई नहर जल उपभोक्ता संस्थाको विधान, २०५० (संशोधित सहित) र कन्काई नहर ज.उ.स. को निर्वाचन निर्देशिका २०७८ वमोजिम प्रथम चरण मिति २०७९।१०।२१ गते शनिबार, दोस्रो चरण २०७९।१०।२३ गते सोमबारका, तेस्रो चरण २०७९।१०।२६ विहिवार, चौथौ चरण मिति २०७९।१०।२९ गते आइतबार र पाचौ चरण २०७९।११।०२ गते मंगलबारका दिन मतदान हुनेछ । कुनै कुरा विधानमा अष्पष्ट वा दोहोरो अर्थ लाग्ने भएमा निर्वाचन निर्देशिका बमोजिम मतदान अधिकृतको निर्णय अन्तिम हुनेछ ।

निर्वाचन समिति
संयोजक
कमलप्रसाद भण्डारी
संयोजक